सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

**आदेश**

०८३-WO-००७९

विषयः उत्प्रेषणयुक्त प्रतिषेधसहितको परमादेश।

नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क लिमिटेडको सञ्चालक समितिको अध्यक्ष पृथ्वीबहादुर पाँडेसमेत सम्पूर्ण सञ्चालक समितिको तर्फबाट अख्तियार प्राप्त **निवेदक** व्यक्ति बैङ्कको प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डे.........................

विरुद्ध

श्री काठमाडौं जिल्ला अदालतसमेत............................................................ **विपक्षी**

नियमबमोजिम पेस हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री शुशील कुमार पन्त, श्री सतिस कृष्ण खरेल, श्री रमन कुमार श्रेष्ठ, श्री उपेन्द्र केशरी न्यौपाने तथा विद्वान् अधिवक्ताहरु श्री दीपेन्द्र झा, श्री अपूर्व खतिवडा, श्री सार्दुल थापा, श्री सेवन्त दाहाल, श्री समिर शर्मा र श्री दिपक कुमार श्रेष्ठले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद तामेल भएका मितिले १५(पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु।

निवेदकहरुले अन्तरिम आदेशसमेत माग गरेकोतर्फ हेर्दा, नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क लिमिटेडबाट ऋणी स्मार्ट टेलिकम प्रा.लि. को हाइपोथिकेशन लिखत बमोजिमको धितो लिलाम सम्बन्धी प्रक्रियासँग सम्बन्धित विषयमा फौजदारी अनुसन्धान भइरहेको र अनुसन्धानको क्रममा

पक्राउपुर्जी अनुमति लिई नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क लिमिटेडका अध्यक्ष पृथ्वीबहादुर पाण्डे, सञ्चालकहरु श्री प्रजन्य राजभण्डारी, श्री कवि कुमार टिबरेवाल, श्री दिपांकर शाक्य उदय, श्री शालिकराम बेलबासे र श्री शोभा श्रेष्ठलाई समेत तत्काल पक्राउ गर्ने आशङ्का रहेको भनी निजहरुलाई पक्राउ नगर्न, धरपकड नगर्नु भन्ने उत्प्रेषणयुक्त प्रतिषेध सहितको परमादेशको मागदावी लिई रिट निवेदन दायर भएको र सोही विषयमा अन्तरिम आदेशसमेत माग भएको देखियो। प्रस्तुत रिट निवेदनको विषयवस्तुमा फौजदारी कसूरको अनुसन्धानको साथ साथै बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उचित प्रक्रिया र निवेदकहरुको बैङ्क तथा वित्तीय संस्थाले गर्ने बैंकिङ्ग व्यवसायसँग सम्बन्धी आधारभूत जिम्मेवारी र रिट निवेदकहरुको वैयक्तिक स्वतन्त्रताको रक्षा जस्तो अत्यन्त महत्त्वपूर्ण एवम् संवेदनशील प्रश्न सन्निहित देखिँदा अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने प्रश्नमा दुवै पक्षको छलफलसमेत सुनी निष्कर्षमा पुग्न उपयुक्त हुने देखिँदा अन्तरिम आदेश छलफल प्रयोजनको लागि मिति २०८३।०४।२५ को पेसी तारिख तोकी सोको सूचना प्रत्यर्थीहरुलाई दिनू। साथै, दुवै पक्षको उपस्थितिमा छलफल भई अन्तरिम आदेश जारी हुने वा नहुने प्रश्नको टुङ्गो नलागेसम्म रिट निवेदकहरुलाई उक्त विषयको अनुसन्धान प्रयोजनको लागि पक्राउ नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (२) बमोजिम यो अल्पकालीन अन्तरिम आदेश जारी गरिएको छ। आदेशको जानकारी प्रत्यर्थीहरुलाई पठाइदिनू। –

न्यायाधीश

इति संवत् २०८३ साल साउन २१ गते रोज ५ शुभम्---------------------------------।